राप्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

५ नं. प्रदेश, नेपाल

प.सं.:- ०७६/०७७ मितिः- २०७६/१२/२०

च.नं. :- १२०२

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री सबै वडा कार्यालयहरु,
राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।

प्रस्तुत विषयमा राप्ती सोनारी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०७६/१२/२० गतेको निर्णयको प्रतिलिपि पाना ५ यसै साथ संलग्न छ । निर्णयको व्यहोरा अवगत गरी अति विपन्न, असाहाय र दैनिक ज्यालादारीमा काम गरी गुजारा गर्नेहरुको विवरण फारम नं २ को ढाँचामा ३ (तिन) दिन भित्र यस कार्यालयमा उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

<u>वोधार्थ</u>

श्री जिल्ला प्रशासन कार्यालय, बाँके — जानकारी तथा सहयोगका लागि अनुरोध छ ।
श्री सरोकारवाला सबै व्यक्ति तथा संस्थाहरु — जानकारी तथा सहयोगको लागि अनुरोध छ ।
श्री सूचना प्रविधि शाखा — कार्यालयको वेवसाइटमा upload गर्नु हुन ।

०७६/१२/२०

प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत

१. हालसम्मको प्रगती समिक्षा सम्बन्धमा
२. खाद्य भण्डार स्थापना सम्बन्धमा
३. रहात प्याकेज वितरण सम्बन्ध
४. स्वास्थ्यकर्मिको जोखिम भत्ता सम्बन्धमा

राप्ती सोनारी गाउँपालिका बाँके २०७३

## निर्णयहरु

१. प्रस्ताव न.१ मा छलफल गर्दा कोरोना महामारी नियन्त्रणका सम्बन्धमा हालसम्मा गाउँपालिकाले गरेका कामहरुको समिक्षा गरियो । हालसम्मको अवस्था हेर्दा गाउँ कार्यपालिका एवम वडाहरुबाट भएका कामहरु सन्तोषजनक भएपनि प्रयास नभएकोले क्वारेन्टाइन कक्ष ब्यवस्थापन तथा राहत वितरण कार्यलाई थप प्रभावकारी बनाउन गाउँ कार्यपालिकालई अनुरोध गर्ने त्यसै गरी व्यवस्थापन चुस्त बनाई वडा नं.७ मा १४ सैया वडा नं.८ मा १५ सैया र वडा नं.३ मा १५ सैयाको क्वारेन्टाईन यथाशिघ्र संचालनमा ल्याउने निर्णय गरियो ।
२. प्रस्ताव न.२ मा छलफल गर्दा पूरै देश लकडाउनको अवस्थामा भएको हुँदा यस अवधिमा दैनिक ज्यालादारीमा काम गरि दैनिकि चालउने बर्गलाई खद्दान्नको जोहो गर्न समस्या भएकोले सो वर्गलाई रहात दिई सहयोग गर्न चाहाने ब्यक्ती तथा संस्थाले दिन चाहेमा सो को ब्यवस्थापन गर्न गाउँपालिकामा एक खद्य भण्डार स्थापना गर्ने र सो भण्डारमा खाद्यन्न दिन चाहानेले गाउँपालिका भित्रका ब्यक्ती तथा संस्थाले गाउँपालिका वा वडा कार्यालयमा र गाउँपालिका बाहिरका ब्यक्ती तथा संस्थाले गाउँपालिकामा मात्र जम्मा गर्ने व्यवस्था मिलाउने ।
३. प्रस्ताव न.३ मा छलफल गर्दा राहत वितरणको कार्य एकद्वार प्रणाली मार्फत मात्र गर्ने र ब्यक्तीगत वा संस्थागत तवरमा मनोमानी ढंगबाट कसैले पनि राहत वितरण गर्न नपाउने र राहत वितरणको कार्य गर्दा लाभग्राहीको पहिचान र सिफारिस वडा स्तरीय विपद् व्यवस्थापन समितिले मात्र गरी सोको प्रमाणीकरण सम्बन्धीत वडा कार्यालयले गर्ने र यसरी प्रमाणीकरण भएका लाभग्राहीलाई मात्र वडा स्तरीय विपद् व्यवस्थापन समितिको रोहबरमा सम्बन्धित वडा कार्यालय मार्फत मात्र रहात प्याकेज वितरणको कार्य गर्ने । कुनै ब्यक्ती तथा संस्थाले नगद दिई सहयोग गर्न चाहेमा गाउँपालिकाको हिमालयन बैंक शम्शेरगंज स्थित विपद् ब्यस्थापन कोषको खाता नं ०५२०७५४०५१००१७ मा रकम जम्मा गर्न सक्ने ब्यवस्था गर्ने । जिन्सीको हकमा चामल, दाल, तेल, नुन र आलु मात्र स्वीकर गर्ने । राहत प्याकेज एक साताका लागि देहाय अनुसार गर्ने र लकडाउन थपिने अवस्था भएमा वा थप राहत वितरण गर्नुपर्ने अवस्थामा भएमा यसै अनुसार नै राहत वितरण गर्ने ।

देहाय

हरेक वडाले तत्काल वडा स्तरीय विपद् ब्यवस्थापन समितिको बैठक गरी सार्वजनिक सूचना जारी गरि फाराम नं.१ को ढाँचामा राहात माग निवेदन संकलन गरी ३ दिन भित्र फाराम नं.२ को ढाँचामा राहात मागकर्ताको विवरण गाउँ कार्यपालिका कार्यालयमा पठाउने । फाराम नं.१को राहत माग निवेदन सिफारिसमा वडास्तरीय विपद् ब्यवस्थापन समितिका सदस्यहरु मध्ये सम्बन्धीत वडाका वडा अध्यक्ष,स्थानीय सुरक्षा निकायको प्रतिनिधि र रेडक्रस प्रतिनिधिको सिफारिस अनिवार्य हुनेछ ।
राहत प्याकेज (एक साताका लागि)

१. रहात प्याकेजका लक्षित वर्गः रासीसोनारी गाउँपालिका भित्रका असहाय, अतिविपन्न दैनिक ज्यालादारी गरी दैनिकी चलाउने ब्यक्ती तथा घरपरिवार ।

प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत

असहाय, अतिविपन्न र दैनिक ज्यालादारीमा दैनिकि चालउने भन्नाले निम्मनलाई जनाउछ

निम्नः

(क) अति विपन्नः शहरी क्षेत्रको हकमा मौद्रिक आम्दानीको कुनै श्रोत नभएका र ग्रामिण क्षेत्रको हकमा आफ्नो कृषि उत्पादनले ३ महिना भन्दा काम खान पुग्ने परिवार ।

(ख) दैनिक ज्यालिदारी : विगत देखि विभिन्न असंगठित व्यवसाय वा सेवा पप्रदायक क्षेत्रमा दैनिक ज्याला पाउने गरी मजदुरी गर्दै आएको व्यक्ति ।

(ग) असहाय : अविभावक नहएको, आर्थिक आयआर्जन गर्न सक्ने परिवारको सदस्य नभएका, अरुको सहयोग एवं सहरमा बस्ने, अपांगता भइ कुनै आम्दानी गर्न नसक्ने, अविभावक नभएका वालवालिका र परिवारमा ७५ वर्ष भन्दा माथिका नागरिक मात्र

२. **लक्षित वर्गको पहिचान तथा सिफारिसः**वडा स्तरीय विपद् व्यवस्थापन समितिले पहिचान र सिफारिस गरी वडा कार्यालयले प्रमाणिकरण गरेकोलाइ यस गाउँपालिकाका ९ वटै वडाबाट वितरणको व्यवस्था मिलाउने ।

३. **परिवार संख्या एकजना :**चामल चार केजी, दाल एक केजी, तेल आधा लिटर, नुन एक केजी र आलु तीन केजी ।

४. **परिवार संख्या दुईदेखि चारजना :**चामल १२ केजी, दाल दुई केजी, तेल आधा लिटर, नुन एक केजी र आलु तीन केजी ।

५. **परिवार संख्या पाँचभन्दा बढीलाई :**चामल १६ केजी, दाल तीन केजी, तेल एक लिटर, नुन एक केजी र आलु चार केजी ।

६. **राहत अवधिः** लकडाउन अवधीभर माथी उल्लिखित दरमा राहत वितरण गर्ने

७. विविधः

(क) अब उपरान्त चाहिने मास्कको व्यवस्था सम्बन्धी वडाको जनसंख्याको तेब्बर भन्दा बढी संख्यामा नहुने गरि प्रचलित खरिद कानुन अनुसार सम्बन्धीत वडाबटै खरिद र वितरणको ब्यवस्था गर्ने ।

(ख) फाराम नं.२ अनुसारको राहत माग कर्ता निवेदकहरुको एकमुष्ट विवरण वडागत रुपमा प्राप्त हुनासाथ गाउँ कार्यपालिका कार्यालयले तत्काल वडा कार्यालय सम्मा माथि उल्लेख भए बमोजिमका राहत सामग्री उपलब्ध गराउने छ ।

(ग) नेपाल सरकारले स्वास्थ्यकर्मीलाई उपलब्ध गराउने भनेको जोखिम भत्ता यस गाउँ कार्यपालिका भित्रका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीलाई उपलब्ध गराउनको लागि गाउँ कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

(घ) **Lock down** लाई पूर्ण सफल बनाउन सुरक्षा निकायलाई थप सवारी साधन र इन्धन आवश्यक हुने भएकोले गाउँपालिका भित्रका सुरक्षा निकायका ईकाईहरुलाई माग भए का बखत उपलब्ध हुने गरी सवारी साधन र इन्धनको व्यवस्था गरिने र यस वापतको खर्च विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत

राप्ती सोनारी गाउँपालिका

...... नं. वडा कार्यालय

फाराम नं. १

**राप्ती सोनारी गाउँपालिका राहत अभिलेखको ढाँचा**

**राहत प्राप्त गर्ने व्यक्तिको विवरणः**

१. घरमुलीको नाम थरः

२. बुवाको नामः

३. बाजेको नामः

३.(क) महिला संख्याः पुरुष संख्याः जम्मा परिवार संख्याः

४. स्थायी ठेगानाः

५. हालको ठेगानाः

६. टेलिफोन वा मोबाइल नम्बर

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः

८. गर्ने गरेको कामको विवरणः पेश गरेको कागजातको विवरण( कम्तिमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

(ख) गरिव घर परिवार परिचयपत्रको प्रतिलिपि वा

(ग) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि

(घ) अन्य :

९. राहत लिने व्यक्तिको स्वःघोषणाः

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठिक साँचो छ। व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम :-

दस्तखतः

मितिः

औठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**सिफारिस गर्ने :-**

**वडा पदाधिकारी (अध्यक्ष)**
दस्तखतः
नामः
पदः

**सुरक्षा निकाय प्रतिनिधि**
दस्तखतः
नामः
पदः

**रेडक्रस प्रतिनिधि**
दस्तखतः
नामः
पदः

मितिः

प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत

राप्ती सोनारी गाउँपालिका
...... नं. वडा कार्यालय
फाराम नं. २

राप्ती सोनारी गाउँपालिका बाँके २०७३

राहत माग कर्ता निवेदकको एकमुष्ट विवरण

| क्र.सं. | घरमुलिको नाम थर | वडा नं. | टोल | परिवार संख्या | | | राहत सामग्री के.जि.।लि. | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु. | जम्मा | चामल | दाल | तेल | नुन | आलु | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत

राप्ती सोनारी गाउँपालिका
...... नं. वडा कार्यालय
फाराम नं.३

राप्ती सोनारी गाउँपालिका
बाँके
२०७३

## राप्ती सोनारी गाउँपालिका राहत वितरणको अभिलेख

| क्र.सं. | घरमुलीको नाम थर | टोल | परिवार संख्या | | | राहत सामग्रीको | | | | | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | चामल (के.जी) | दाल (के.जी) | तेल (लि.) | नुन (के.जी) | आलु (के.जी) | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत
दल बहादुर बस्नेत